# पूर्वीचौकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सानागाउँ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या:०८१/८२ चलानी नं. :

**विद्यालयको अन्तिम लेखा परिक्षणको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१३ गते)

यस गाउँपालिका अन्तर्गत सम्बन्धित विद्यालयहरुको आ.व. २०८०/८१ (विगत आ.व. को अन्तिम लेखापरीक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो समेत) को आर्थिक कारोबारको लेखापरीक्षण गर्ने प्रयोजनको लागि लेखापरीक्षकको सूची तयार गर्नुपर्ने भएकोले विद्यालयको आर्थिक लेखापरिक्षण गर्न इच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता नविकरण गरेका इच्छुक लेखापरीक्षकहरुबाट सूचना प्रकाशित भएको मिति २०८१/०८/१३ देखि २०८१/०८/२० गते कार्यालय समयभित्र देहाय बमोजिमको कागजात संलग्न राखी व्यक्ति वा फर्मको हालको ठेगाना र सम्पर्क नम्बर स्पष्ट खुलाई शिक्षा युवा तथा खेलकुद शाखामा स्वयम उपस्थित भई निवेदन पेश गर्न गराउन यो सूचना प्रकाशन गरिएको छ ।

गगन भण्डारी
नि. प्रमुख प्रशासकीय अधिकृत

<u>देहायः</u>

१. सकल्लै निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. फर्म दर्ता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)
४. नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको सदस्यता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)
५. आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर (PAN) दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
७. स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
८. सम्पर्क वा मोवाइल नम्बर

पुनश्चः रित नपुगी र म्याद नाघी आएका आवेदन स्वीकृत गरिने छैन ।

<u>बोधार्थः</u>

श्री सूचना तथा प्रविधि शाखाः सूचना वेवसाइट र फेसबुकमा अपलोड गरिदिनहुन।


Website:www.purbichaukimun.gov.np, E-mail Address :ito.purbichaukimun@gmail.com

Phone No. :९८५१३३८१११,९८५१३५८६६६